आज मिति २०८२ पौष ९ गते बुधबारका दिन राइनास नगरपालिकाको कार्यपालिका हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा राइनास नगर कार्यपालिकाको ८३ औं बैठक बसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी | सचिव |

**आमन्त्रित अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| १. | बिमला वाग्ले, प्रशासकीय अधिकृत | |
| २. | नितेश रिसाल, इन्जिनियर | |
| | पुष्पा लम्साल वाग्ले ना.प्र.स. | प्रशासन शाखा |
| | | |
| | | |

निर्णय-प्रमाणित
शिवराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८२/०९/०९ गतेको ८३ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. नदीजन्य पदार्थको संकलन तथा आन्तरिक निकासीको लागि पुनः सूचना आहृान सम्बन्धमा।

२. संघ सरकारसँग समपुरक तथा विशेष अनुदान तर्फका योजना माग सम्बन्धमा।

३. उपभोक्ता समितिबाट रु १० लाख भन्दा माथिका योजना कार्यान्वयन सम्बन्धमा ।

४. बजेट, कार्यक्रम र योजना सम्बन्धमा ।

५. फोहोरमैला व्यबस्थापन सम्बन्धमा ।

६. आयोजनाको दोहोरोपना सम्बन्धमा ।

७. एक घर एक धाराको पूर्णता कार्यक्रम सम्बन्धमा ।

८. योजनाहरुको प्याकेजिङ सम्बन्धमा ।

९. करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

१०. विविध ।

**निर्णयहरुः**

**निर्णय नं.१**

यस आर्थिक वर्षको लागि नदीजन्य पदार्थको संकलन तथा आन्तरिक निकासी गर्न राइनास नगरपालिका क्षेत्रभित्रका चेपे, मर्स्याङदी नदी तथा अन्य क्षेत्र समेत गरी कूल २१ वटा नाकाघाट कायम गरी ठेक्का आव्हान गरिएकोमा हालसम्म १० वटा नाकाघाटहरु ठेक्का स्वीकृत भई ठेक्का सम्झौता चरणमा रहेको र बाँकी ११ स्थानको नाकाघाटहरु गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची ७ बमोजिम स्थानीय तहले तोकिएको दरमा दुईपटकसम्म ठेक्का आव्हान गर्दा समेत ठेक्का नलागेमा कार्यपालिकाले १० प्रतिशतसम्म थपघट गरी पुनः ठेक्का आहृान गर्न सकिने प्रावधान भएको हुँदा बाँकी ११ वटा नाकाघाटहरुको १० प्रतिशत घटि गरी पुनः तेश्रो पटक सूचना आहृान गर्ने ।

**निर्णय नं.२**

नेपाल सरकारसँग समपुरक तथा विशेष अनुदान तर्फका योजना अन्तरगत समपुरक अनुदान तर्फ चक्रपथ (रिङरोड) निर्माण कत्रेनी मसार बोराङ मोहोरिया-प्यारजुङ सडक आयोजनालाई क्रमागत तर्फ सिफारिस गर्ने र नयाँ प्रस्तावमा (१) विरावारी पन्थेडाँडा कोकेगाउँ सडक (२) नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन परियोजना योजना माग गर्ने। विशेष अनुदान तर्फ (१) शैक्षिक सुधारका लागि यातायात व्यस्थापन साथै शैक्षिक गुणस्तर विकास योजना (२) नगरस्तरीय खेलमैदान निर्माण (३) ज्ञानोदय मा.वि. छात्रावास निर्माण योजना माग गर्ने। साथै चालु आ.व.मा उक्त चक्रपथ (रिङरोड) को सडक आयोजनाको ४ करोड २८ लाखको ठेक्का आव्हान गर्ने, स्रोत सुनिश्चितताका लागि आवश्यक पहल गर्ने र अनुमोदनका लागि आगामी नगरसभामासमेत पेश गर्ने।

**निर्णय नं.३**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम तथा योजनाहरु मध्ये ५० लाख रुपैयाँसम्म लागत अनुमान भएको आयोजनाहरु सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

निर्णय प्रमाणित
शिक्षा अधिकृत / प्रशासकीय अधिकृत

**निर्णय नं.४ :**

राइनास नगरपालिकाको चालु आ.ब. ०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रममा कर्मचारी तथा शिक्षकको तलब भत्ता जस्ता प्रशासनिक खर्च नेपाल सरकार/प्रदेश सरकार, समानीकरण अनुदान खर्च शीर्षक अन्तर्गत परेको देखिएकोले त्यस्ता खर्च शीर्षकहरुलाई राजश्व बाँडफाँड तथा आन्तरिक आय तर्फ खर्च शीर्षक मिलाउन आगामी नगरसभामा पेश गर्ने ।

**निर्णय नं.५:**

यस कार्यालयमा रहेका पुराना फलामका डण्डी तथा जस्तापातासमेतलाई नगरपालिकाको ल्याण्डफिल्ड साइटको वरिपरि घेराबार गर्न उपयोग गर्ने। फोहोर संकलनको रुट व्यवस्थित गर्दै आवश्यकता अनुसार ६ वटासम्म रुट कायम गर्ने। ल्याण्डफिल्ड साइटमा छुट्याइएको कवाडी सामानहरुलाई एकमुष्ठ मूल्य कायम गरी बिक्री गर्ने ।

**निर्णय नं.६ :**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना अन्तर्गत नगरस्तरीय योजना तर्फ क्रमसंख्या १०५ खर्च शीर्षक ३१११२ (आन्तरिक श्रोत-नगद) मा देउराली आमा समाज भवन निर्माण रु ३ लाख र वडा नं. ५ तर्फको क्रमसंख्या १६ खर्च शीर्षक ३१११२ (आन्तरिक श्रोत-नगद) मा देउराली आमा समूह भवन निर्माण रु ३ लाख गरी एउटै योजनामा दोहोरो बजेट विनियोजन भएकोमा एउटा शीर्षकको मात्र योजना कार्यान्वयन गर्दा भवन निर्माण कार्य सम्पन्न नहुने देखिएकोले दुवै शीर्षकलाई प्याकेजिङ गरी एउटै उपभोक्ता समितिसँग योजना सम्झौता गरी कार्यान्वयन गराइ आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

**निर्णय नं.७ :**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना अन्तर्गत राइनास नगरपालिकाको एक घर एक धाराको योजना खर्च शीर्षक ३११५६/ गण्डकी प्रदेश-विशेष अनुदान पुँजीगत तर्फको रु ४० लाख योजना कार्यान्वयन गर्ने ।

**निर्णय नं.८ :**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना अन्तर्गत वडा न. ३ को तपसिलमा उल्लिखित एउटै प्रकृतिका योजनाहरु कार्यान्वयन गर्नको लागि एउटै प्याकेज वनाइ कोटेसन मार्फत कार्यान्वयन गर्ने साथै आगामी नगरसभाबाट अनुमोदन गर्ने ।

**तपसिल**

| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खर्च शीर्षक | स्रोत | विनियोजन | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | |
| १४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन पूर्वाधार निर्माण | वडा नं.३ | ३१११२ | नेपाल सरकार - समानीकरण अनुदान | २,००,०००.०० | |
| ३५ | वडा कार्यालयको प्रवेश द्वार निर्माण | वडा नं.३ | ३११५९ | नेपाल सरकार - समानीकरण अनुदान | १,००,०००.०० | |
| ३७ | शहरी स्वास्थ्य इकाइ भवन मर्मत | वडा नं.३ | ३११६१ | नेपाल सरकार - समानीकरण अनुदान | १,००,०००.०० | |

**निर्णय नं.९ :**

नगरपालिकाले केही माध्यामिक विद्यालयलाई मा.वि. दरबन्दी शिक्षकको तलब/पारिश्रमिक (दरबन्दी बाहेकको) उपलब्ध गराउँदै आएकोमा यही चैत्र मसान्तसम्मको लागि मात्र निरन्तरता दिने।

**निर्णय नं.१० : विविध**

१. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ बमोजिम यस नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको सातौं तह कायम गर्ने।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CS CamScanner